नेपाल सरकार
प्रदेश नं. १
**इनरुवा नगरपालीका**
**स्वास्थ्य चौकी मधेशा**
इनरुवा – ६, सुनसरी

प. सं. :– २०७६/०७७
च. नं. :–

मिति : २७/०८/२०७६

**विषय :–एम्बुलेन्सको जानकारी सम्बन्धमा ।**

श्री हिमानिकोष ,
इच्छुनदीमार्ग, बालुववाटार, काठमाण्डौं ।

पस्तुत बिषयमा हिमानिकोष द्वारा मधेशा स्वास्थ्य चौकीलाई हस्तान्तरण गरी संचालन भईरहेको वा १२ च २९६ नम्बरको एम्बुलेन्स स्वास्थ्य चौकी र स्वास्थ्य व्यवस्थापन समितिको संरक्षणमा साथै एम्बुलेन्स उप समिति गठन भई संयोजक श्री गिरि चन्द्र पोखरेल र सदस्यहरु श्री एक नारायण श्रेष्ठ र श्री केन्द्र कुमारी कार्की गरी ३ सदस्यीय उपसमिति द्वारा संचालन भई रहेको छ । एम्बुलेन्स चालक (ड्राइभर) नियुक्तिको सम्बन्धमा स्वस्थ्य व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार दुई पक्षिय करार मम्भौता गरी ड्राइभरको नियुत्ती गरीएको छ , साथै एम्बुलेन्स राख्नको लागि र ड्राइभर बस्नको लागि पक्कि भवन निर्माण गरिइको छ । हिमानिकोष द्वारा मिति २०७१/११/१२ गते देखि मधेशा स्वास्थ्य चौकी लाई हस्तान्तरण गरी संचालनमा आईरहेको एम्बुलेन्सले इनरुवा न.पा. वडा नं. ६ (साविक मधेशा गा.वि.स.)का जनताहरुलाई लक्षित गरी सेवा सुविधा दिइरहे पनि इनरुवाका अन्य वडाका जनताहरुलाई पनि सेवा दिई आईरहेको छ । प्रेषण गरी इनरुवा अस्पताल मात्र नभई धरानको बि.पि.के.आइ.एच.एस.,बिराटनगरको कोशि अन्चल अस्पताल, नोवेल मेडीकल कलेज ,बिराट टिचिङ एवं बिरामीले चाहेको सबिधा सम्पन्न अस्पताल हरुमा पनि बिरमी पुऱ्याई सेवा दिईरहेको छ । यसरी हस्तान्तरण भएदेखि २०७६ कार्तिक मसान्त सम्म तपसिलमा उल्लेखित सुचक अनुसार सेवा दिएको संख्या प्रस्तुत छ ।

तपसिल १

| क.सं. | सुचक बिवरण | संख्या | निःशुल्क सेवा दिएको संख्या |
|---|---|---|---|
| ०१ | एम्बुलेन्स संचालन भए देखि २०७४ अषाढ मसान्त सम्म जम्मा | १५०० | २४ |
| ०२ | २०७४ श्रावण देखि ०७५ अषढ मसान्त सम्म | ६९१ | १३ |
| ०३ | २०७५ श्रावण देखि ०७६ अषढ मसान्त सम्म | ७४७ | १५ |
| ०४ | २०७६ श्रावण देखि ०७६ कार्तिक मसान्त सम्म | १६३ | ३ |
| ०५ | पिण्डेश्वर अर्ध महाकुम्भ मेला ०७५/७६ मा | ०० | एक दिन २४ सै घण्टा निःशुल्क एम्बुलेन्स सेवा |
| | जम्मा | ३१०१ | ५५ |

कोषराज अधिकारी
वडाध्यक्ष एवं स्वास्थ्य व्यवस्थापन समिति
अध्यक्ष

शुसीला पोखरेल
स्वास्थ्य चौकी प्रमुख